आ.व. २०७५/०७६ को छैठौं बैठक

आज मिति **२०७५ साल असोज २४ गते बुधबार** राप्ती गाउँ कार्यपालिकाका अध्यक्ष **श्री नुमानन्द सुवेदीज्यू**को अध्यक्षता र तपसिल बमोजिमका सदस्यज्यूहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक वस्यो । बैठकको उपस्थिति प्रस्ताव एवं निर्णयहरु तपसिल बमोजिम रहेका छन ।

उपस्थिति

अध्यक्ष श्री नुमानन्द सुवेदी, राप्ती गाउँकार्यपालिका ।

उपाध्यक्ष श्री जगदम्वाकुमारी चौधरी ,राप्ती गाउँ कार्यपालिका ।

सदस्य श्री टेकबहादुर कुमाल,राप्ती गाउँ कार्यपालिका ।

सदस्य श्री बेदप्रसाद चौधरी, राप्ती गाउँ कार्यपालिका ।

सदस्य श्री बिष्णुबहादुर घर्ति क्षेत्री, राप्ती गाउँ कार्यपालिका ।

सदस्य श्री कुवारी देवी कार्की, राप्ती गाउँ कार्यपालिका ।

सदस्य श्री जगतबहादुर थापा, राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री विष्णु गुरुङ्ग, राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री ताराबहादुर डि.सी, राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री गोकर्णबहादुर रानामगर, राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री गोवर्धन रावत, राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री विद्याशरण चौधरी, राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री सुनितामल्ल, राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री ताराकुमारी चौधरी, राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री चन्दर चौधरी, राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री रिमबहादुर सुनारी मगर, राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री संजिव परियार, राप्तीगाउँ कार्यपालिका ।

सदस्य-सचिव श्री जगतप्रसाद भुसाल, राप्ती गाउँ कार्यपालिका ।

**आमन्त्रित**

१. श्री खिमलाल वली, लेखा अधिकृत

२. श्री दिपक खडका, ईन्जिनियर

३.श्री राजेन्द्र कुमार घिमिरे, शिक्षा संयोजक

४. श्री नारायण राउत, स्वास्थ्य संयोजक

५. श्री दानसिंह रोकाया, प्रा.स.

क्रमशः

६. श्री गिरीधारी प्रसाद पन्त, ना.सु.

७. श्री रेशमराज अधिकारी, सह लेखापाल

८- श्री शेर बहादुर हमाल प.से.प्रा

९- श्री तिर्थराज ज्ञवाली सञ्चार संयोजक

१०- श्री शेषमणी पौडेल सव-इन्जिनियर

६. श्री गिरीधारी प्रसाद पन्त, ना.सु.

७. श्री रेशमराज अधिकारी, सह लेखापाल

८. श्री शेर बहादुर हमाल प.से.प्रा.

९. श्री तिर्थराज ज्ञवाली सञ्चार संयोजक

१०. श्री शेषमणी पौडेल सव-ईन्जिनियर

## प्रस्तावहरु :

१. मलखाद तथा बीउबीजन बिक्री वितरण गर्ने अनुमतिपत्र नविकरण सम्वन्धमा ।

२. वडा नं. ७ को योजना परिवर्तन सम्वन्धमा ।

३. सामाजिक सुरक्षा कार्यविधि,२०७५ को कार्यान्वियन सम्वन्धमा ।

४. गत आ.व.मा बिभिन्न क्षेत्रमा उत्कृष्ट कार्य गर्ने व्यक्तिहरुलाई पुरस्कृत गर्ने सम्वन्धमा ।

५. नदीजन्य पदार्थ उत्खननको लागि आवश्यक व्यवस्था गर्ने सम्वन्धमा ।

६. गाउँपालिका विरुद्ध सर्वोच्च अदालतमा परेको रिटको लिखित जवाफ पेश गर्ने लगायत कार्यको लागि अख्तियारी दिने सम्वन्धमा ।

**निर्णय नं. १**

प्रस्ताव नं. १ माथी छलफल गर्दा यस गाउँपालिका क्षेत्रभित्र रहेका सहकारी संस्थाहरुले मलखाद तथा बिउबिजनको लागि गाउँपालिकाबाट अनुमति लिएर कारोवार गरीरहेका र ति सहकारीहरुले नविकरणको लागि गाउँपालिकामा माग गरेमा नविकरण माग गर्ने सहकारी संस्थाहरुको नविकरण गरिदिने निर्णय गरियो ।

**निर्णय नं. २**

प्रस्ताव नं. २ माथी छलफल गर्दा वडा नं. ७ को ***सबै टोलहरुमा वेमौसमी तरकारी खेती तथा विउविजन उत्पादनको लागी टनेलको व्यवस्था*** सम्वन्धी कार्यक्रमलाई ***आलुको बिउ वितरण गर्ने कार्यक्रममा*** परिवर्तन गर्ने र बजेट साविक वमोजिम रु. १ लाख ५० हजार रहने निर्णय गरियो ।

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ माथी छलफल गर्दा यस राप्ती गाउँपालिका क्षेत्रभित्र गत आ.व.०७४/०७५ मा विभिन्न क्षेत्रमा उत्कृष्ट कार्य गरी उत्कृष्टता हासील गर्ने देहायका व्यक्ति र संस्थाहरुलाई पुरस्कृत गर्ने निर्णय गरियो ।

**<u>उत्कृष्ट कार्य गर्ने व्यक्ति र संस्थाहरु :</u>**

| क्र.सं. | पुरस्कृत हुनेको नाम | किसिम | संख्या | तर्फ | आधार |
|---|---|---|---|---|---|
| १ | श्री नारायण राउत | सि.अ.हे.व. | १ | गाउँपालिका | उत्कृष्ट काम |
| २ | श्री बिमला भट्टराई | अ.स.ई. | १ | गाउँपालिका | उत्कृष्ट काम |
| ३ | श्री खुमानन्द भट्टराई | सि.अ.हे.व. | १ | सिसहनिया स्वास्थ्य चौकी | उत्कृष्ट काम |
| ४ | श्री हिमा अधिकारी | अ.न.मी. | १ | लालमटिया स्वास्थ्य चौकी | उत्कृष्ट काम |
| ५ | श्री शान्ती चौधरी | म.स्वा.स्वयं सेविका | १ | राप्ती गाउँपालिका-६ | उत्कृष्ट काम |
| ६ | श्री गोविन्द सुवेदी | शिक्षक | १ | आदर्श नमूना मा.वि. | SEE को नतिजा |
| ७ | श्री कलावती चौधरी | शिक्षक | १ | ज्ञानोदय मा.वि. | कक्षा ८ को नतिजा |
| ८ | श्री भिमकला कवर | विद्यार्थी | १ | सर्वोदय मा.वि. | SEE को प्राप्त अंक |
| ९ | श्री सुरज पोखेल | विद्यार्थी | १ | आदर्श नमूना मा.वि. | SEE को प्राप्त अंक |
| १० | श्री प्रतिक अधिकारी | विद्यार्थी | १ | पब्लिक एजुकेशन | SEE को प्राप्त अंक |
| ११ | श्री गीता सुवेदी | विद्यार्थी | १ | पब्लिक एजुकेशन | SEE को प्राप्त अंक |
| १२ | पत्थरगढवा मन्दिर निर्माण | उ.स. | | राप्ती गाउँपालिका-६ | उत्कृष्ट काम |
| १३ | ने.रा.मा.वि.भालुवाङ | उ.स. | | राप्ती गाउँपालिका-१ | उत्कृष्ट काम |
| १४ | श्री देब कुमारी चौधरी | कृषक | १ | राप्ती गाउँपालिका-६ | उत्कृष्ट काम |
| १५ | श्री महालक्ष्मी गाई फर्म एण्ड डेरी | उद्योगी | १ | राप्ती गाउँपालिका-२ | उत्कृष्ट काम |
| १६ | श्री महेश रिजाल | पत्रकार | १ | राप्ती गाउँपालिका-१ | उत्कृष्ट काम |

**निर्णय नं. ५**

प्रस्ताव नं. ५ माथी छलफल गर्दा यस राप्ती गाउँपालिका क्षेत्रभित्रको नदीजन्य पदार्थको उत्खनन कार्यको लागि जिल्ला समन्वय समिति दाङको सिफारिस र ५ नं.प्रदेश सरकारले गरेको दररेट निर्धारणका आधारमा सूचना प्रकाशन गरी बोलपत्र आह्वान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ माथी छलफल गर्दा यस राप्ती गाउँपालिका विरुद्ध सर्वोच्च अदालतमा परेको रिट नं.074-WO-0312 को रिट निवेदनमा कार्यालयको तर्फबाट गुज्रेको म्याद थामी थमाई लिखित जवाफ पेश गरी मुद्दाको पुर्पक्ष गर्नका लागि यस कार्यालयका ना.सु.श्री गिरीधारी प्रसाद पन्तलाई अख्तियारी दिने निर्णय गरियो ।